नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
श्रम तथा रोजगार कार्यालय
भन्सार मार्ग, टेकु, काठमाडौं

फोन: ०१ ५३४२१३८
०१ ५३११६२०
इमेल: info@loba.gov.np
Web: www.loba.gov.np
नोट: यो पत्रको जवाफ पठाउनुहुँदा अनिवार्य प.सं., च.नं. र मिति उल्लेख गर्नुहोला ।

| प.सं: | ०८२।८३ | | |
|---|---|---|---|

मिति : २०८२/०४/०४

# सूचना! सूचना!! सूचना!!!

विषयः **श्रम अडिट पेश गर्ने सम्बन्धमा।**

श्रम ऐन, २०७४ को दफा १०० तथा श्रम नियमावली, २०७५ को नियम ५६ बमोजिम प्रतिष्ठानले श्रम ऐन तथा नियमावली बमोजिम काम कारवाही भए नभएको सम्वन्धमा प्रत्येक आ.व. को पौष मसान्त भित्र श्रम नियमावलीको अनुसूची-१० (नमुना कार्यालयको वेवसाइट website: https://loba.gov.np मा समेत उपलब्ध छ) बमोजिम आफ्नै व्यवस्थापकीय श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्था मार्फत श्रम अडिट गराउने व्यवस्था अनुरुप श्रम अडिट गरी/गराई सम्बन्धित कार्यालयमा पेश गर्नुहुन र कार्यालयवाट खटिएका निरीक्षकहरुले निरीक्षणका क्रममा माग गरेको वखत उपलब्ध गराउनुहुन अनुरोध छ। श्रम अडिटको व्यवस्थावाट असल श्रम सम्वन्ध कायम हुने र श्रम तथा रोजगारको क्षेत्रमा सकारात्मक प्रभाव पर्ने कुरा सर्वविदितै भएकाले श्रम अडिट सम्वन्धी कानुनी व्यवस्थाको पुर्णरुपमा परिपालना गर्नु/गराउनु हुन काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट र रसुवा जिल्ला स्थितका सम्पूर्ण प्रतिष्ठानहरुलाई जानकारीको लागि अनुरोध छ।

तोकिएको समयमा श्रम अडिट नगर्ने प्रतिष्ठालाई श्रम ऐन, २०७४ को दफा १६३ (२) (ख) वमोजिम रु. बीस हजार जरिवाना गर्न सक्ने प्रवाधान भएकाले सबै प्रतिष्ठानले तोकिएको समयमा विभागको ILIMIS System मार्फत वा श्रम तथा रोजगार कार्यालय, टेकुको ईमेल (Email: info@loba.gov.np) मार्फत श्रम अडिट पेश गर्नु हुन समेत अनुरोध गरिन्छ।

..................................

(उदय कुमार गुप्ता)
कार्यालय प्रमुख

बाल बालिकालाई श्रममा नलगाऔं, बालश्रम मुक्त राष्ट्र निर्माण गरौं ।

Scanned with CamScanner